जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ०७, २०८१ भदौ २० गते विहीबार, 5 Sep. 2024, नेपाल सम्वत्-११४४ पृष्ठ-६, मूल्य रु. ५/-

सरेशा र गौरीलाई जागरूक महिला सम्मान



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुर को हेटौंडामा जागरुक महिला सम्मानबाट खेलकर्मी र डकर्मी महिला सम्मानित भएका छन् ।

हेटौंडाबाट संचालन हुँदै आएको सामुदायिक रेडियो, रेडियो मकवानपुरले बुधबार हेटौंडा ५ की खेलकर्मी सरेशा ढुङ्गाना र हेटौंडा १९ बस्तीपुरकी डकर्मी गौरि माया सिन्तानलाई सामुदायिक सम्मानले सम्मानित गरिएको हो ।

दुवैजनालाई रेडियोले जनही नगद १० हजारसहित सम्मानपत्र प्रदान गरेको हो । बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, प्रदेशसभा सदस्य लक्ष्मीदेवी श्रेष्ठ र रेडियोका अध्यक्ष आनन्दराम पराजुलीले नगद, प्रमाणपत्र र दोसल्ला प्रदान गरेका हुन् ।

ढुङ्गाना तीन दशकदेखि तेक्वान्दो खेलसँग आबद्ध रहेकी छिन् भने सिन्तान १२ वर्षदेखि डकर्मी पेशामा रहेकी छिन् । ढुङ्गाना मकवानपुरबाट तेक्वान्दो खेलको पहिलो महिला मेडलिष्ट हुन् । सिन्तान भने आर्थिक अवस्था कमजोर भएपछि घर बनाउने काममा लागेर महिला मिस्त्रीका रुपमा परिचित रहेकी छिन् ।

विगत १४ वर्षदेखि प्रत्येक वर्ष सामाजिक क्षेत्रमा उल्लेख्य काम गर्ने महिलाहरुलाई सम्मानित गर्दै आइरहेको रेडियोले हालसम्म २८ जनालाई सम्मानित गरिसकेको रेडियोका स्टेसन म्यानेजर गणेशदर्पण अधिकारीले जानकारी दिए । कार्यक्रममा रेडियोका सन्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीले समाजमा उत्कृष्ट कार्य गर्ने व्यक्तिहरुको कामको सम्मान गर्दै उनीहरुको हौसला बढाउनु सामुदायिक सञ्चारमाध्यमको जिम्मेवारी भएको बताए ।

कार्यक्रममा प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, कांग्रेस मकवानपुरका उपसभापति आनन्द कठायत, हेटौंडा ११ नम्बर वडा सदस्य जुना दाहाल, नेपाल पत्रकार महासंघ मकवानपुरका कार्यबाहक अध्यक्ष ध्रुब अधिकारी, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाट, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने,दिव्यतारा बहुउद्देश्यीय सहकारीका अध्यक्ष डा.गणेश बल लामालगायतले संस्कृतिको जगेर्ना गर्दै तीजलाई सभ्य तरिकाले मनाउनुपर्ने धारणा व्यक्त गरे । रेडियोले आयोजना गरेको जागरुक महिला सम्मान तथा विविध सांस्कृतिक कार्यक्रममा कलाकारहरुले प्रत्यक्ष दोहोरी प्रस्तुत गरेका थिए ।

एलिसाको हत्या कसले गऱ्यो ?



○ सरिता दाहाल

मकवानपुर । एलिसा, जो परिवार विखण्डनभएपछि एक्लिएकी थिइन् । १४ वर्षिय किशोरावस्थामा उनले जिउने आधारको रूपमा रोजेकै श्रीमानले उनको हत्या गर्नेछन् भन्ने कल्पना थिएन । तर भयो त्यही परिकल्पनाबाहिर को घटना । अन्तरजातिय विवाह भएको केही समयबाटै श्रीमानको परिवारसँग खटपट भोग्दै उनी ७ वर्षपछि मृत फेला परिन् ।

१० भदौ २०८१ मा मकवानपुर को हेटौंडा स्थित एक होटलमा उनी मृत अवस्थामा फेला परिन् । हत्याको मुख्य आरोपी हेटौंडा ४ कमला डाँडा निवासी समिर खाँन भनिने चाँद खाँ पैठानलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। हेटौंडा ११ निवासी एलिसा भनेर चिनिने अलिसा न्यौपानेको हत्यामा आफू दोषि रहेको खाँने पनि स्वीकार गरेका छन् ।

हेटौंडा(१० बसपार्कस्थित रत्ना होटलमा न्यौपानेको हत्या गरी फरार रहेका ३१ वर्षीय पैठानलाई मकवानपुर प्रहरीले सोमबार सार्वजनिक गरेको हो । पैठानलाई हेटौंडा(५ लट्टिनाथ मन्दिर क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनलाई हिरासतमा राखी थप अनुसन्धान कार्य भइरहेको भण्डारीले बताए ।

९ भदौमा पैठानसँगै बा ६४ प १३५ नम्बरको स्कुटर चढेर न्यौपाने बास बस्न उक्त होटल पुगेकी थिइन् । भोली पल्ट १० भदौमा बिहान अबेरसम्म कोठामा बसेकी युवती नउठेपछि होटलका सञ्चालकले जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई खबर गरेका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारी नेतृत्वको टोलीले जनप्रतिनिधि समेतको रोहोबरमा उक्त कोठा फोडी हेर्दा न्यौपानेको शव रगतले लतपत्तिएको अवस्थामा फेला परेको थियो ।

घटना स्थलबाट शुरू भएको प्रहरीको अनुसन्धान एक हप्तापछि सफल भएको छ । घटनामा संलग्न रहेको आशंकामा प्रहरीले १५ भदौ शनिबार समिरका ५५ वर्षीय आमा सौरून खान, बुबा ५६ वर्षीय लालबाबु खाँ पैठान जेठी श्रीमती ३६ वर्षीय रविना खातुन, दाजु ३० वर्षीय फैयाज अहमदलाई नियन्त्रणमा लिई अनुसन्धान जारी राखेको थियो । सोमबार साँझ घटनामा संलग्न मुख्य आरोपित चाँद खाँ पैठान पक्राउ परेसँगै प्रहरीले सार्वजनिक गरेको हो ।

घटनाको प्रकृति

एलिसा ९ वर्षको हुँदा उनको आमाले अर्को विवाह गरिन् हजुर बुबा, हजुरआमा र बुबा किरणसँग उनी र उनका भाई बस्दै आए । बुबा किरण अत्यधिक माद पदार्थ सेवन गर्थे । आमाले अर्को विहे गरेको केही वर्षपछि हजुरबुबा र हजुरआमाको मृत्यु भयो । त्यसको ६ वर्षपछि बुबा किरणको पनि मृत्यु भयो । नाबालिक एलिसा र उनको माइमात्रै बाँकी रहे । बालबालिकालाई फूपाजु मिनाजु गणेशले पाल्ने र पढाउने गर्दै आए ।

हेटौंडा ११ निवासी एलिसा र हेटौंडा ४, कमलडाँडाका समीर खान ७ वर्षदेखि श्रीमान् श्रीमतीका रुपमा बस्दै आएका थिए । एलिसाको हत्या भएको दुई दिन पछिसम्म अर्थात् ११ भदौसम्म खानले एलिसाका १७ वर्षीय माइसँग सामाजिक सञ्जालमा कुराकानी गरेको पाइएको छ ।

जसमा समीरले आफूबाटै एलिसाको हत्या हुन पुगेको स्वीकारेको एलिसाको परिवारले जनाएको छ । समिरले एलिसाको माइसंग च्वाट्सएपमा भनेका छन् "सरी, पाप भयो, मेरो सानो गल्तीले ज्यान गयो झगडा पर्दा, बाँकी अब कुरा चौकी जान्छु म आफैं ।"

आरोपित खानले होटलमा पुगेपछि सुरूमा राम्रो कुराकानी भएको र पछि पुराना कुरा निस्किएर झगडा परेको भनेका छन् । "दुवै जनाबाट हात हालाहाल भयो, हान्दाखेरि ज्यान गयो । मैले कति उठाउन खोजें तर ज्यान गइसकेको रहेछ", खान र एलिसाको माइबीच भएको

बाँकी पेज ३ मा

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- ❒ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❒ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- ❒ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❒ सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- ❒ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

राक्सिराङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,मकवानपुर

२०८१ भदौ २० विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
संवाददाता: गोपिनी दाहाल
प्रबन्ध/बजार व्यवस्थापक:- सिताकुमारी घिमिरे
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

महिनावारी उत्सव हो

आज भाद्र शुक्ल द्वितीया अर्थात् दर खाने दिन । नारीहरूले सौभाग्य र समृद्धिका निम्ति मनाइने पर्व मनेर चिनिदै आएको हरितालिका तिजको आरम्भ आजैबाट हुन्छ। अर्थात् आज रातमा दरखाने र भोली भाद्र शुक्ल तृतीयामा दिनभर व्रतबस्ने परम्परा छ । हरेक वर्ष तीजलगत्तै पर्ने भाद्र शुक्ल पञ्चमीको दिन विशेष गरी हिन्दु महिलाहरुले पूजाआजा गरी मनाउँछन् । महिनावारी भएका बेला जानीनजानी 'छाइछुइ' भएको रहेछ भने 'पाप' लाग्छ र यस्तो 'पाप पखाल्न' भन्दै गरिने पूजापाठले महिनावारीको महत्वलाई अवमुल्यन गरिएको छ ।

ऋषि पञ्चमीको दिन महिनावारीलाई पाप ठानेर 'चोखिने र चोख्याउने' मान्यताका साथ पूजा गर्नु/गराउनु गलत अभ्यास हो । जीवविज्ञानको आधारमा महिनावारी हुनु शारीरिक प्रक्रिया मात्रै हो । यसबारे गलत धारणाकै कारण महिनावारीलाई मर्यादीत बनाउन सकिएको छैन। महिनावारी त मानव जीवनको उद्गम हो, कसरी पाप भयो ? मर्यादित महिनावारी एकदमै बृहत् अवधारणा हो । यसले महिनावारी विभेद हुनु भनेको मानव अधिकारको हनन हो । महिनावारी विभेदलाई महिला हिंसाभित्र राख्नुपर्छ । महिनावारीको विषय महिलासँग मात्रै जोडिएको हुँदैन । यो सामाजिक, आर्थिक, राजनीतिक र वातावरणीय पक्षसँग जोडिएको छ । बलात्कार र हिंसाको मूल जरो पनि यही महिनावारी विभेद हो ।

महिनावारी हुँदैमा पूजाआजामा सहभागी हुन नपाउनु ऊमाथिको अमर्यादित व्यवहार हो । अन्य समय सरह सबै काममा सहभागी हुन पाउनु महिलाको अधिकार हो। महिनावारी बरू गौरव हो, आत्मसम्मानपूर्वक महिलालाई मातृत्वको अनुभूति गर्न पाउने चरणको सुरूवात हो । प्रकृतिले दिएको वरदान हो । पञ्चमी पूजालाई गौरवको पर्वका रुपमा मनाउन पर्छ पाप पखाल्नको लागि हैन। महिनावारी भएकाहरूले यो दिनलाई उत्सवको रूपमा पूजा गरेर मनाउनुपर्छ, ऋषिपञ्चमी यही उत्सव हुनुपर्छ, पाप पखाल्ने दिन हैन ।

बा, एकरति पछुतो छैन



राधा पौडेल

पैत्रिक सम्पत्तिमा समान अधिकार संविधानप्रदत्त अधिकार थियो । अन्तत: मैले कानुनी लडाइँ लडैं । मैले जे कुरा विश्वास गर्थे, जे कुरा पढाउँदै हिँडे, जसका लागि मैले लडैं, त्यसको प्रयोग मात्र गरेको हो ।

खरले छाएको घरको भूईंलाई खडाइले बारेर, दुई खुट्टा भएको भच्याङले, काठको फल्याकले बारेर बनेको माथिल्लो तला जोडेको थियो । भच्याङ चढेपछि एक गुन्द्रीजति ठाउँ छोडेपछि एउटा सानो खाटको ओच्छ्यानमा आधा सुतेर एउटा गोरो, पातलो पुरुष साँझको खाना खाएपछि मलाई अनौ नवा एकासी, नौ दशान नब्बे । आफू सँगसँगै भन्न लगाउने व्यक्ति नै मेरो मस्तिस्कमा आइरहने 'बा' को पहिलो तस्बिर हो ।

एक...एक । दश.. दश । अठार ..अठार, भन्दै मुखैले जोड घटाउ, हात लाग्यो सबै स्कुल नै नटेकेका बाबाट सिकें । कहिलेकाही दूध बेचेको हिसाब मैले बिगारेकै भएपनि तपाईंले ठिक हो भनेर अड्डी कस्नु भएको मेरो स्मरणमा अझै पनि ताजै छ ।

तीन-तीन जना मभन्दा धेरै पढेका दिदीहरु छोडेर म तपाईंको प्यारो थिएँ । मलाई टाइफाइड, लहरेखोकी वा धनुष्टकार रोगले लैजान सकेनन् किनभने म तपाईंको काखमा अस्पतालमा थिएँ ।

म पेनिसिलिन सुई लगाउँदा लगाउँदै जमेर नयाँ सियो फेर्नु पर्दापनि रोईन किनभने सुईसँगै तपाई हुनुहुन्थ्यो । अघिल्तिर आएर पनि गैंडाले मलाई केहि गरेन तपाईसंग डरायो । भाग्यो । तरकारी पिरो रहेछ भनेर तपाईले सुन्नेगरि नाक बजाएपछि अनिकालको दूधसँग भात खाने पनि म नै थिए ।

तपाईको पुच्छर बनेर बाउसो गर्न, कुलो सोर्न, बाँध लगाउन, खेतमा पानी सार्न, गाइभैसीको दानापानी, किराना पसलको नाफा घाटा सबै जाने । काम ठूलो सानो हुँदैन, चोरेर खान पो हुँदैन तपाईको मन्त्र आज पनि म आत्मसात गरिरहेछु । स्कुलबाट सिकेका नयाँ कुरा सिकाएर म तपाईका अघि शिक्षक भएँ । "धुमपान स्वास्थ्यको लागि हानिकारक छ" भनेर पढेकोले चुरोट र सलाई नदिने प्रतिज्ञा गरेको सुनाउँदै आइन्दा मसित नमाग्न अनुरोध गर्दै म तपाई अघि नेता भएँ ।

तपाई कै काँध चढेर गरीब, किसानको छोरी भए पनि उच्च शिक्षा पढ्न गाउँछोड्ने पहिलो केटी ठहरिएँ । ६ जना सन्तानमा हेर्दा सबैभन्दा टिठलाग्दो म तर सबै भन्दा रबाफिलो भएर तपाईका कारण हुर्किएँ ।

हुर्किइँन मात्र, चंगाको धागो झैं तपाईंले स्वतन्त्रताको पखेटा उनेर मलाई आकासमा विचरण गर्न छोडिदिनु भयो । म माथि कुनै शंका, उपशंका, प्रश्न, अरुहरुले सुनाएका कुराको कुनै प्रवाह राख्नु भएन । मैले तपाईंलाई जानकारी नदिइकन जुम्ला जाने निर्णय र फिलिपिन्सबाट फर्किसकेपछि गोलमोटल गरेर जागिर नखाने कुरा बाहेक मैले छक्काइन । हरेक मेरा गतिविधि समय अनुसार चिठी र फोनमा भए । केही समयको अन्तर द्वन्द्वपछि सहमतिमा टुंगिए पनि मेरा पछाडि चित्त दुखाइरहेको कुरो 'जोगी भइ' दु:ख पाउँछे भन्ने नै हो । त्यसो त घरमा सबैभन्दा बढी कचकच मसँगै नै भयो होला किनभने आफूले जानेका कुरा घरमा गर्नपर्ने मेरो ढिट बानी जो थियो । पलास्टिक नपोलौं, मधेसी मूलको जस्तो देखिने व्यापारीलाई 'भैया' नभनौं । यस्तै-यस्तै थिए मेरा कचकचका गाँठी कुरा ।त्यसरी नै त हो महिनावारीको बारेमा सबैभन्दा पहिले आमा र तपाईंसँग चित्र बनाएर वार्ता गरेको । खासमा म समाजले चाहे जस्तो संस्कारी छोरी थिइन् अनि तपाईं बनाउन पनि चाहनुहुन्थेन ।

बा, तपाईंलाई मैले महिनावारीको बारेमा बोल्नुस कहिल्यै भनिनँ । म कार्यक्रम, सञ्चार माध्यममा बोलेको सुन्दा सुन्दै, हेर्दा हेर्दै, महिनावारीका छलफलमा तपाईं स्वतस्फूर्त सहभागिताको साक्षी वरपर नै छन् । तीक्ष्ण स्मरण शक्ति, तार्किता, सजिलै सिक्न सक्ने, लगनशीलता र मेहेनतीको प्रतिमूर्ति हो तपाई । सायद गरिबी र टुहुरोपनले बालाई तिखार्यो होला, पेचिलो बनायो होला । लमजुङ पहाडको टुहुरोको संघर्ष महेन्द्र राजमार्ग बन्नु पहिले भारत पस्दै र निस्कँदै झापादेखि सल्यान, जुम्ला, बैतडीको यात्रा दोस्रो विश्वयुद्धमा लड्नुभन्दा कम थिएन । तपाईंप्रति गर्व छ बा ।

तपाई अब अलिकति गल्ती भयो भने बिहे गर्दिन्छु भनेर थर्काउने बा हुनुहुन्थेन । सँगै डुल्ने, खाने, झगडा गर्ने, घुम्न जाने,अस्पतालमा हप्तौ सँगै बस्ने साथी । उन्नाईस वर्षको उमेर मा उन्नाइस सय बीस रुपैयाँको जागिरबाट तपाईंको सारथी बन्न कोशिस गर्नु पक्कै सजिलो थिएन । तपाईले संघर्ष गर्न सिकाउनु भयो, विश्वास गरिदिनु भयो अनि तपाईंले झैं दु:खका पहाड उक्ले मैले पनि । तपाईंका चाउरिएका गालामा मैले मेरो खुसी र सफलताको मानचित्र कोर्न तल्लिन रहे ।

तपाईंलाई सजिलो हुने र गर्न मन लागेका कुराहरु गर्न/गर्नलाई सहजीकरण गर्न थाले । तपाईं सँगसँगै म गुडैं ।उडैं । देशका सिमाहरु पार गरैं । मैले के काम गरिरहेको छु, कस्ता व्यक्तिहरुसँग संगत गरिरहेको छु भन्ने कुराको साक्षी बा तपाईं आफैं हो । तपाईं मेरो जिउँदो देवता, अनि २०६५ सालदेखि आमा पनि ।

बिरामी भएर म सिभिल अस्पताल कुर्न गएको थिइनँ, जुन कुरा तपाईंलाई थाहा थियो । संविधान लेखिँदै थियो, संविधानमा "लैंगिक समानता र सामाजिक समावेशीकरण" का सवाल समावेश गर्नका लागि म 'रिले अनसन' मा धाइरहेको थिएँ जहाँ तपाईं मलाई पुऱ्याउन र लिन आउनुहुन्थ्यो । समानताका लागि गरिएका हरेक विरोध कार्यक्रमको साक्षी तपाई नै हुनुहुन्थ्यो । अकुपाई बालुवाटार होस् वा भद्रकालीको अनसन वा शान्ति धर्ना सबै सबैको साक्षी तपाईं ।

तर बा साक्षी हुनु भएन जब म सन्नीगाउँ, जुम्लामा घोडाबाट लडैं । बासँगै हुन म गौरीगन्ज, चितवन घर गए । एसएलसी दिएपछिको लामो घर बसेको अनुभव । आमाको मृत्युपछि नै मेरो रोजगारी थिएन । मैले जोरजाम गरेका सामग्री केहि फेरिएका मात्र थिएनन् प्रयोग गर्न डर पनि लागिरहेको थियो ।

जसका खुसीका लागि मैले मेरो खुसी देखेको थिएँ उनीहरु आफ्ना लागिरहेको थिएन । विस्तारै शक्तिविहीन महसुस गरिर हेको थिएँ । मेरो एउटा नि:शर्त माया वा साहारा तपाईं मात्र हुनुहुन्थ्यो बा । आफैंले नमुना परिवारमाथि शंका पो गरिरहेको छु कि भन्ने लागेर तपाईंको परामर्शको पर्खाइमा थिएँ ।

शंका रहेन, जतिखेर म र ममाथिका ३ जना दिदीहरुलाई जानकारीसम्म पनि नदिई तपाईंको नाममा रहेको आधा जग्गा भाइको नाममा सरेछ । म स्पष्ट थिएँ- संविधानअनुसार यो पैत्रिक सम्पत्ति बाको शेषपछि दुईभागमा एउटा मेरो हुनेछ । परिवार ले बुझ्नेछ ।

तर कोभिडको पहिलो लकडाउनका बेला घरमा भाइबुहारी, माईली र साहिँली दिदीको अघि प्रसंग निस्कियो । मैले जसम्पत्ति कानुनले पाउने जति पाउनुपर्छ नत्र कानुनी लडाईं लड्न बाध्य हुन्छु' भनेको थिएँ । तपाईंलाई यहि कुरा जिवनमा नै पहिलो र अन्तिमपटक फोनबाट भनेको थिएँ ।

पैत्रिक सम्पत्तिमा समान अधिकार संविधानप्रदत्त अधिकार थियो । मेरो सम्पत्ति कसलाई कहिले, कतिखेर दिने, मेरो अधिकार छोडेर जति दिन्छन् त्यति नै खान्छु, संस्कारी बन्छु, ८४ कटेका बालाई के दु:ख दिउँ भन्न, बा मसँग न नैतिकता थियो न तपाईंकै वंशानुगुण। अन्तत: मैले कानुनी लडाइँ लडैं । संविधानमा जे लेखेको थियो,

बाँकी पेज ३ मा

एलिसाको....

कुराकानीबारे परिवारले भनेको छ ।

परिवारका सदस्यका अनुसार एलिसा ९ भदौमा मात्रै काठमाडौंबाट हेटौंडा फर्किएकी थिइन् । त्यही दिन उनको हत्या भएको थियो । समीरले एलिसालाई घरमा लगेपछि परिवारसँग झगडा परेको थियो । घर झगडाको दृश्य एलिसाको मोबाइलबाट खिचिएको थियो । एलिसाले भाइसँगको फोन सम्पर्कलाई पनि रेकर्डमा राखेकाले घर झगडामा भएका कुराकानी सुनिन्छ ।

घर झगडाको क्रममा समीरकी आमाले "यसलाई जहाँबाट ल्याएको त्यहीं लगेर मार्नु" भन्ने शब्द प्रयोग गरेकी छिन् । मिडियोबाट समीर, उनको परिवार र एलिसाबीच विवाद भएको बुझिन्छ । मिडियालाई प्राप्त भ्वाइस रेकर्ड र भिडिओ रेकर्डमा उनलाई घरका आफन्तले नै मार्ने धम्की दिएका छन् । त्यसै रात एलिसाको मृत्यु भएको थियो ।

अडियो र भिडियोका आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले अनुसन्धान गरेको थियो । "त्यो झगडाको क्रममा निस्किएको आवेगको बोली हो वा योजनाबद्ध घटना थियो भन्ने विषयमा अनुसन्धान गरेर एउटा निष्कर्षमा पुग्नेछौं" डिएसपी भण्डारीले भने ।

समीरएलिसाको वैवाहिक विगत

एलिसा र उनका भाइ सानै हुँदा आमाले दोस्रो विवाह गरिन्, बाबुको मृत्यु भयो । एलिसाका भिनाजु गणेशबहादुर खत्रीले उनीहरूलाई लालनपालन र शिक्षा दिए ।

१५ वर्षको उमेरमै एलिसाले समिरसँग भागेर विवाह गरिन् । समीरसँग भागेर पोखरा पुगेकी उनी उतै होटल चलाएर बसिन् । बिहेपछि एलिसा फुपाजु भिनाजु गणेशको घरमा पनि खासै आउजाउ गरिनन् । यता समिरले पनि घरमा कहिले काँही लैजाने र बाहिरै अल्झाइरहे । "पोखरामा पसल गरेर बसेको छु भनेर फोनमा कुरा हुन्थ्यो, विहे पछि मेरो घर ३ वा ३ पटकमात्रै आए" गणेश भन्छन् ।

यता समीरको पहिले नै विवाह भइसकेको रहेछ । श्रीमती र बालबच्चा रहेको कुरा एलिसालाई जानकारीमा नभएकोले यसबारेमा पनि एलिसा(समीर बीच बेलाबेला खटपट हुने गरेको खत्रीको दाबी छ । पोखराको पसल छाडेर केही समय समीरले एलिसालाई हेटौंडाको घरमै राखे । सुरूआती दिनमा दुबै श्रीमती मिलेर बसेको खत्रीले बताए । तर पछि सम्बन्ध बिग्रिएपछि एलिसा र समीर काठमाडौं गएर बसेका थिए । समीर काठमाडौंमा वैदेशिक रोजगारीको एजेन्ट काम गर्थे भने एलिसा दुबई गइन् ।

दुबइमा बस्दा एलिसाले आफ्ना भाइसँग मात्रै नियमित कुरा गर्ने गरेकी थिइन् । "मेरो परिवार भन्नु दिदी मात्रै हुनुहुन्थ्यो, अब मेरो भन्नु कोही छैन" भाइले भने । दोषीलाई कडा कारबाही हुनुपर्ने उनका भाइको अडान छ । उनी हेटौंडामै एक सामाजिक संस्थामा आश्रय लिएर अध्ययन गरिरहेका छन् ।


केही महिना अघि नेपाल आएकी एलिसालाई ९ भदौ २०८१ मा समिरले हेटौंडा घरमा बोलाए। सोही राति होटलमा लगेर हत्या गरी फरार बनेको प्रहरी अनुसन्धानबाट देखिएको हो । होटलको सीसीटीभी फुटेजमा समिर र एलिशा एकसाथ होटलमा प्रवेश गरेको तर रात ९ बजे समिर एक्लै निस्किएको देखिएको छ । समिरले वियरको बोटलले हानेर हत्या गरेको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

अर्को बलियो सबुतको रूपमा समिरले एलिशाका भाइलाई पठाएको म्यासेजलाई लिइएको छ । जुन म्यासेजमा समिरले आफ्नो हातबाट एलिशाको मृत्यु भएको र आफू सजाय भोग्न तयार रहेको बताएका छन् । दुईजनाको झगडाका क्रममा हानाहान भएको र अज्जानमा एलिसाको ज्यान गएको उनको दावी छ । यो म्यासेज उनले केहीबेरमा अनसेन्ड गरेका थिए ।

एलिसाको भाइलाई समिरले लेखेको म्यासेज

बस अन्जानमा ज्यान गयो गल्तीले हात हालाहाल गर्दा । म यो कुराले पागल भइसकँ । मलाई त्यो टाइम झलझल आँखामा आइराखेको छ । पहिले राम्रो कुरा भाको थ्यो । पछि पहिलेको कुरा निस्केर डिस्कस भयो । मुख छाडाछाड अनि दुवै जनाले हात हालाहाल भयो । उसले नि हान्यो मैले नि हानँ । अनि हान्दा खेर ज्यान गयो । मैले कति उठाउन खोजँ । तर ज्यान गइसकेको रहेछ ।

आइएम सरी भाइ । जे भए पनि मेरो हातबाट त गाको छ नि, मैले कहिले माफ पाउँदिन आफैबाट । म आफैं चौकी पनि आउँदैछु । जे जे सजाय भोग्नुपर्छ म भोग्छु । त्यो राम्रो वा नराम्रो जे थ्यो मेरो हातबाट त पाप भयो नि । म हेटौंडा आइराछु ।



आरोपी सम्मिर

महिला संघहरूद्वारा न्याय माग

एलिसाको हत्यारालाई कारवाहीको माग गर्दै ध्यानाकर्षण पत्र प्रकाशन गरेको छ। महिलामाथि हुने सबै प्रकारका हिंसाको विरूद्धमा महिलासंघले ध्यानाकर्षण जनाएको हो ।

श्रृङ्खलाबद्ध रूपमा मकवानपुर जिल्लामा भएका हत्या, जबरजस्तिकरणी जस्ता जघन्य अपराधमाथि गम्भिर भए छानविन र कारवाहीको दायरामा ल्याउन ध्यानाकर्षण जनाएको अखिल नेपाल क्रान्तिकारी महिला संघले ध्यानाकर्षण गराएको हो ।

महिलामाथी हुने विभिन्न किसिमका जघन्य अपराध र हिंसा रोक्नको लागि राज्यले अपनाउनुपर्ने नीति र कारवाहीको दायरालाई थप मजबुत बनाउनुपर्ने माग उनीहरूले गरेका छन् ।

होटललगायतका स्थानहरूमा सही पहिचान खुल्ने कागजपत्र पेश गरेर मात्र बास उपलब्ध गराउनु पर्ने, लैङ्गिक हिंसा र अपराध नियन्त्रणको लागि शुन्य शहनशिलताको नीति अबलम्बन गरिनुपर्ने, अनुसन्धानको दायरा फराकिलो बनाउनुपर्ने, शक्ति, सत्ता र पहुचको आधारमा दोषिलाई उन्मुक्ती दिने कार्य पुर्णरूपमा बन्द गरिनुपर्ने माग अनेमसंघ क्रान्तिकारी जिल्ला अध्यक्ष लक्ष्मी पाखिनद्वारा हस्ताक्षरीत ध्यानाकर्षणमा भनिएको छ ।

बा, एकरति...

न्यायाधीशले त्यहि नै निर्णय गरे । म, तपाई र तपाईकोतर्फबाट उभिएकी बहिनीले सायद यहि दिन देख्नका लागि लगानी गरेका थियौं भन्ने लाग्छ । बा, मेरा लागि यो तपाईसँग भएका सयौं कचकचमा अर्को थप कचकच मात्र थियो । मलाई सम्झना छैन-मैले फकाएर, झुक्काएर, धम्क्याएर एक रुपैयाँ पनि तपाईसँग लिएको । र मैले यो

कानुनी लडाइँ रहरले, कसैले फकाएर भन्दा पनि परिस्थितिवश मेरो आफ्नै लागि गरेको हो । तपाईले नै चिनाएका, विश्वास गरेका कानुनविज्ञको मद्दतमा गरेको हो । तपाईले अन्यायविरुद्ध एक्लै पनि लडेका नजिरहरुको अनुसरण गरेको हो ।

मैले जे कुरा विश्वास गर्थे, जे कुरा पढाउँदै हिडेँ, जसका लागि मैले लडेँ, त्यसको प्रयोग मात्र गरेको हो । तपाईसँग भन्दापनि अविवाहित छोरीलाई गरिने विभेदी सोचसँगको मेरो कचकच हो । यसमा मलाई एक रति हिनताबोध छैन, बा ।

तर कहिलेकाही म यो हदसम्म पुग्नपर्ने वातावरण तपाई जस्तो आदर्श बाले गर्दा नै भयो होला भन्ने मान्न तयार छैन । कतै तपाई, "पढेका त सढेका, बा, दु:ख गरेर पढाएर गल्ती गर्नु भयो" भन्नेहरुको चंगुलमा त पर्नु भएको छैन भन्ने लागिरहन्छ । म हुर्किएको समाज जो भद्र, शिक्षित गनिन्छ, क्रान्तिकारी ठहरिन्छ, देश देशावर यात्रा गर्छ, त्यो समाज छोरीलाई संविधान प्रदत्त "समानता र "महिलाको हक" अभ्यास गर्न तयार छैन ।त्यसैले तपाईलाई दु:खमा साथ नदिएको समाज अहिले संस्कारी छोरी खोजिरहेको छ । तपाईलाई छोरीपीडित, बिचरा बनाएर आफ्ना छोरीहरुको समानताको अधिकारको आंकुरानिमोठिरहेका छन् बा ? बा, मेरो बिरुद्धमा दान्हा किटेर बसेकाहरुले यो लेख तपाईसम्म पुऱ्याउँछन् भन्ने आस त छैन नै तर उनीहरुका छोरीहरुले पढ्ने छन् । उनीहरु एकदिन "संस्कारी छोरीको घेरा" तोड्नेछन्। मलाई विश्वास छ -त्यो दिन तपाईलाई म प्रति पुन: गर्व हुनेछ । *कान्तिपुरबाट*

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।

● सहीखबर साप्ताहिक

कैलाश गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार


विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।


त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

कैलाश गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

२०८१ भदौ २० विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७







सानो लगानी ठुलो भरोशा

○ सरिता दाहाल

मकवानपुर । ३४ वर्षीया शरिस्मा बिश्वकर्माको दैनिकी एकाएक फेरिएको छ । झण्डै आधा दशक जापान बसेर नेपाल फर्केकी शरिस्मा अहिले चटपटे पसलमा रमाएकी छिन् ।

मकवानपुर जिल्ला मनहरी गाउँपालिका ३ हाँडीखोला घर भएकी उनी हेटौंडा ४ मा सटर भाडामा लिएर चटपटे, पानी पुरी र चिया बेच्छिन् । केही बाध्यता केही खुसी, धेरै भोगाइ, केही सिकाइले भरिएको छ उनको जीवन । जीवनको ३ दशक बित्न नपाउँदै उनी एकल महिला महिला भएकी छिन् ।

उनको साथमा छिन् ८ वर्षीया छोरी । श्रीमानसँगको खटपटकै कारण उनले सपनाको शहर जापानको बसाइ छोड्नु पऱ्यो । पारिवारीक सम्बन्ध बलियो बनाउन नेपाल आएइन् तर सम्बन्ध बलियो बनेन, बरु सदाको लागि टुट्यो । सम्बन्ध टुटे पनि उनले हिम्मत टुटाइनन्, र सुरु गरिन् सानो लगानीको पसल । जसले आज शरिस्मालाई बाच्ने आधार खडा गरेको छ ।

सन् २०१७ मा जापान गएकी शरिस्माले उतै र हदा नेपाली केटासँग विवाह गरिन, विवाहको २ वर्षपछि छोरीलाई जन्म दिइन । तर, श्रीमानसँगको सम्बन्ध सदाझै प्रेमिल भएन । अर्कोको देशमा खटपट बैवाहिक सम्बन्धमा रहन समस्या भएपछि उनीहरु डेढवर्षको अन्तरालमा नेपाल फर्किए । पछिल्लो समय श्रीमानसँग सम्बन्ध विच्छेद गरेकी उनीले सानो लगानीमा ठुलो खुसी खोजिरहेकी छिन् ।

"जापानमा कमाएको केही पैसा श्रीमानको परिवारमा फस्यो, केही अन्य व्यापारमा फस्यो, अब यहाँ सानो लगानी गरेको छु, राम्रै छ" उनी भन्छिन् "सानो लगानी गर्दा, फसियो भने पनि थोरै पैसा फस्छ, मलाई यसमा राम्रै बचत बसेको पनि छ ।"

सुरुमा उनले यहाँ चिया, बिस्कुट, चाउचाउ राखेकी थिइन् । सत्यको धर्म सत्य टिकाउनुमा हुन्छ भनेझै उनले आफ्नो पसललाई व्यवस्थित बनाउन अर्को अवसर पाइन, व्यवसायिक तालिम लिने । हेडम्वा डेभलवमेन्ट एडभाजर फाउन्डेशनको आयोजनामा भएको व्यवसायिक तालिममा उनी सहभागी भइन् । जहाँ उनले आफ्नो व्यवसायिक सफलता पाउनको लागि धेरै टिप्सहरु पाइन् । "त्यसपछि मैले यहाँ खाजामा चटपटे, पानीपुरी पनि थप गरेकी हुँ" उनी भन्छिन् "माग बुझेर काम गर्दा सफल हुने रहेछ ।" उनी अहिले एक पटकमा १०/१२ हजारको सामग्री राख्छिन् । उनी भन्छिन् "पसलबाट सन्तोषजनक नै बचत छ ।"

भनिन्छ "समस्या एक्लै आउँदैन, यसले समाधान पनि सँगै ल्याएकै हुन्छ, बस पहिचान गर्ने क्षमतामा भर पर्छ ।" अहिले आर्थिक मन्दीको मारमा परेको चर्चा सर्वत्र सुनिन्छ । कतिपय अवस्थामा व्यक्तिहरुले डिप्रेसन तथा आत्महत्याका कारणलाई समेत आर्थिक मन्दीकै कारण जोड्ने गरिन्छ । तर यसबारे यथार्थ खोज तथा अनुसन्धान भएको छैन ।

आर्थिक मन्दीको मारमा पनि त जीवन धान्न पऱ्यो, बालबालिका पढाउँनै पऱ्यो, समस्यासँग भागेर जीवन रहन्न । युवा पुस्तामा निराशा बढ्दै गर्दा मकवानपुरका केही युवाहरु निशारालाई फालेर उद्यममा लागेका छन् । उद्यमको लागि ठुलै लगानी र तडक भडक पनि चाहिदैन भन्ने सुझबुझ देखिन्छ उनीहरुमा ।

सानो लगानीबाट पर्याप्त आन्दानी गर्न सकिन्छ भन्ने अर्को उदाहरणीय पात्र हुन् हेटौंडा १२ कि ४५ वर्षीया लक्ष्मी लामा । आर्थिक अभावको कारण आफ्नो परिवार धान्न धौ धौ थियो । श्रीमान्को मृत्युपछि सबै जिम्मेवारी आफ्नो एकल काँधमा पऱ्यो, उनी पनि शरिस्मासँगै हेडम्वा डेभलवमेन्टको तालिममा सहभागी भइन्, अनि व्यवसायप्रति भरोशा बढ्यो । यसबाट मासिक १५ देखि १७ हजारसम्म बचत बस्ने गरेको उनी बताउँछिन् । "टोलमा बस्ति पातलो छ, बजार जस्तो भएको भए धेरै गर्न सकिन्थ्यो होला" उनी भन्छिन । लक्ष्मीले आफ्नो घर नजिकैको स्कुलमा क्यान्टिन पनि सञ्चालन गर्छिन ।तर, त्यहाँबाट आफूलाई दुख गरेजस्तो आम्दानी नभएको उनी बताउँछिन् ।

चटपटे पसलको लागि उनी सबै सामग्री घरैमा जुटाउँछिन् । "पसलबाट अखाद्य सामग्री राखेर बनायो भने विक्री पनि हुँदैन, धेरै जसो सामग्री आफैंले बनाउँछु" उनी भन्छिन् "आफ्नै तोरीको छोप, बारीको बन्दा, खुर्सानी,केराउलगायत सामग्री आफैं बनाउँछिन् । "सुरुमा त मैले ३ हजार लगानी गरेको हो" लक्ष्मी भन्छिन् "आफ्नो लगानी अनुसार धेरै राम्रो फाइदा छ, अब स्कुलको क्यान्टिन पनि छाडेर यसैलाई बढी समय दिने बारे सोच्दैछु ।"

हेटौंडा १९ सान्ननिटारकी २९ वर्षिया रश्मी गौतमलाई अब बाँच्ने रहर जागेको छ । जीवनको २ दश पार गर्दैगर्दा श्रीमानबाट एक्लिएकी उनी एक छोराकी आमा समेत हुन् । उनको देब्रे हात राम्रोसँग चल्दैन । श्रीमान्ले अर्को विवाह गरेपछि जीवनसँगै निराश थिइन् । "आफूखुसी विवाह गरें, श्रीमानबाट पनि विवाह गरेको २ वर्षपछि नै धोका भयो, माइतीले साथ नदिएको भए र आफूलाई व्यवसायिक सिपको लागि उर्जा नपाएको भए म कहाँ हुन्थे होला" उनी भन्छिन् "केही गरेर बाचुँ भन्ने उत्साह सानो व्यवसायले दिएको छ ।"

लक्ष्मी र शरिस्मा जस्तै उनी पनि अहिले आफ्नै घरमा चटपटे, पानीपुरीको व्यवसाय गरेर छोराको लागि पढाइ खर्च जुटाइरहेकी छिन् । "बस्ति पातलो छ,धेरै व्यापार त हुँदैन तर मलाई यहीबाट केही गर्न सक्छु भन्ने लागेको छ, विस्तारै होला ।" उनले १३ हजार लगानीमा चटपटे पसल सुरु गरेकी हुन् । जहाँ उनले दैनिक १ हजार ३ सय रुपैयासम्मको चटपटे बेच्छिन् । "यतिञ्जेल अरुको खुसीको लागि आफ्नो ख्याल गरिन्, न्यायको लागि लड्दै समय गयो, अब आफ्नै खुसीको लागि सोच्छु, पसलबाट खुसी छु" रश्मी भन्छिन् । विवाह भएको नौ वर्षसम्म न विहे दर्ता गर्न सकिन् न त नागरिकता नै बनाउन सकिन् । नागरिकता नभएका कारण कुनै दर्तावाल व्यवसाय गर्न पाएकी छैनन् ।



हेटौंडा ३ बसामाडी कि ३९ वर्षीया मिरा गौतमले पनि घरमा चटपटे र फलफूलको व्यापार सुरु गरेकी छिन् । फलफूलमा पनि केरामा उनको प्राथमिकतामा छ । दैनिक ५ देखि ९ सयसम्मको व्यापार गर्छिन । "काँचो केरा ल्याएर आफै पकाउँछु, बेच्दा राम्रो नाफा बस्छ" उनले भनिन् "लगानी धेरै चाहिदैन, नाफा बसेकै छ ।"

युवाहरु स्वदेशमा बाँच्नै नसकिने भन्दै विदेशीने क्रम जारी छ, तर सानो सानो लगानीमा पनि जीवनमा सफलता पाउन सकिन्छ भन्ने उदाहरण हुन् यि युवाहरु । बागमती प्रदेशको युवालाई स्वरोगार बनाउने लक्ष्यका साथ प्रदेश युवा परिषदले विभिन्न सिपमुलक तालिम दिदै आएको छ । जसलाई तालिम पछि व्यवहार मा समेत उतार्ने हो भने जीवनको गुजारा चल्ने मात्रै हैन, व्यवसायिक सफलता पाउन सकिने परिषदमा कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई बताउँछन् ।

चौलागाईका अनुसार हरेक युवा सिप युक्त, युवा बनाउने लक्ष्यका साथ बागमती प्रदेश युवा परिषदले गत आर्थिक वर्षमामात्रै ५ हजार युवालाई स्वरोजगार बनाउने तालिम दिएको छ । "सिप सिक्ने, स्वरोगार बन्ने स्वावलम्वी बन्ने अभियान चलाएको हौं, साथै सिप परीक्षण गर्ने र सिपको व्यवसायिक सुनिश्चितता गर्ने समेतको काममा हामीले सहयोग गर्दै आएका छौं" कार्यकारी उपाध्यक्ष चौलागाईले भने । शरिस्मा, रश्मी, मिराहरु यस्तो तालिमका उत्पादन हुन् । जो रोजगारीको लागि भौतारीएका छैनन्, सानो लगानीबाट परिवार राम्रो हाँकेका छन् ।

स्थानीय सरकारलगायत विभिन्न निकायहरुले विभिन्न सिपको तालिम दिन्छन, तर तालिमले मात्रै व्यवसायको मेलोमेलो नपाउने धेरै छन् । "हामीले उक्त तालिमको सिपलाई कसरी दैनानुदिन व्यवसाय सञ्चालनमा उतार्ने भन्ने पनि सिकाउँछौं" हेडम्वा डेभलवमेन्ट एडभाजर फाउन्डेशन कोषध्यक्ष स्वस्तिका बानियाँ भन्छिन् । "समय, लगानी र नाफाको हिसाब मिलाएर काम गर्न व्यवसायिक योजनाको कुराहरु सिकाउँदा उहाँहरुलाई काममा सहजता र राम्रो उपलब्धि हुने रहेछ" बानियाँले भनिन् ।

साना व्यवसाय भन्ने वित्तिकै धेरैजसोले चटपटे,पानीपुरीजस्ता व्यवसाय रोजेको भेटिएपछि आफूहरुले त्यो खाजालाई स्वास्थकर बनाउनको लागि पनि सिप सिकाउने गरेको बानियाँ बताउँछिन् । चटपटे, पानी पुरी जस्तो खाजामा हाइजेनिक बनाउनको लागि चुक अमिलोको सट्टामा गाउँघरमै पाइने इमिलीको अचार, फ्रेस कागती राख्ने, बन्दा, काँक्रो, चना, टमाटर, मुला, गाजार राखेर हाइजेनिक बनाउनको लागि आफूहरुले सुझाव दिने गरेको उनी बताउँछिन् । "अजिनो मोटा त खानै हुदैन, चाउचाउ पनि विस्तारै हटाउँदै जान प्रेरित गर्ने गरेका छौं, ति अखाद्य कुराहरु राखेर मात्रै स्वाद मिठो हुने हैन, हाइजेनिक खाजा पाउने भएपछि व्यापार उसै बढ्छ" उनले भनिन् ।

बालविवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार
विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।
यसो गरेमा ३ वर्षकैद र ३० हजार रूपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं ।

भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।
सबै जिम्मेवार बनौ, बालमैत्री व्यवहार अबलम्बन गरौ,
बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरू पुरा गर्न आफ्नो स्थानबाट लागि परौ ।

वडा अध्यक्ष विष्णु दाहाल
६ नं वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका मकवानपुर

एफसी, न्यू डाँफे, सक्षम र रियल स्टार विजयी

○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौडामा जारी जिल्ला लिग फुटबल प्रतियोगितामा भएको ४ खेलबाट एफसी इन्टरनेट, न्यू डाँफे युवा क्लब, सक्षम युवा क्लब, रियल स्टार क्लब विजयी भएका छन् ।

हेटौंडा-११ स्थित सिमलटार खेल मैदानमा दुई र हेटौंडा-६ स्थित गौरीटार रंगशालामा दुई गरी मंगलबार प्रतियोगिताको ४ खेल भएको हो ।

सिमलटारमा भएको पहिलो खेलमा एफसी इन्टरनेटले विजय युथ क्लबलाई १-० गोलले हरायो । विजय युथका अर्जुन गोलेले गरेको आत्माघाति गोल नै इन्टरनेटको जीतको कारण बन्यो । खेलको म्यान अफ द म्याच इन्टरनेटका मिक्सन लामा घोषित भए । यस्तै सिमलटार मै भएको दोस्रो खेलमा हेटौंडा फुटबल एकेडेमीलाई ३-० गोलको हराउँदै साविक विजेता न्यू डाँफे युवा क्लब विजयी बन्यो । यसअघि उद्घाटन खेलमा डाँफे क्लबले महाबीर क्लबलाई ७-० को फराकिलो अन्तर ले पराजित गरेको थियो । खेलको म्यान अफ द म्याच किशन थापा मगर घोषित भएका छन् ।

यता, गौरीटार रंगशालामा भएको पहिलो खेलमा सक्षम युवा क्लबले आरआर वाईसीलाई २-० गोलले पराजीत गर्यो । खेलको म्यान अफ द म्याच उत्तम श्रेष्ठ घोषित भएका छन् । दोस्रो खेलमा महाबीर क्लबलाई ६-० गोलले हराउँदै रियल स्टार क्लब विजयी भएको छ । म्यान अफ द म्याच अनिल मोक्तान घोषित भएका छन् ।

१४ भदौबाट सुरु लिगको प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । लिग विजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्ने छन् भने प्रदेशस्तरीय लिगमा सहभागिता जनाउने छन् । उपविजेता टिमले ५० हजार रुपैयाँ र विधागत उत्कृष्ट खेलाडीहरुले नगद पुरस्कार प्राप्त गर्नेछन् । जिल्लामा रहेका २८ वटा क्लवलाई वर्गीकरण गर्ने गरी जिल्ला लिग सुरु गरिएको हो । फुटबल संघमा आबद्ध रही अघिल्लो पटकको लिग खेलेका २८ क्लवलाई ४ समूहमा विभाजन गरि प्रतियोगिता संचालन गरिएको हो ।

प्रत्येक समूहको पहिलो, दोस्रो र तेस्रो हुने क्लव ए, चौथो र पाँचौ हुने क्लव वी, तथा छैठौं र सातौं हुने क्लव सी श्रेणीमा रहने जिल्ला फुटबल संघले जनाएको छ । यसअघि भएको जिल्ला लिगको उपाधि न्यू डाँफे युथ क्लबले जितको थियो भने हटिया स्पोर्टस एकेडेमी उपविजेता बनेको थियो। कोरोना संक्रमणको कारण २०७६ सालपछि जिल्ला लिग हुन सकेको थिएन ।

शिक्षा र सिप जीवनको सबैभन्दा भरपर्दो सारथी हुन् । ● सहीखबर साप्ताहिक

अवरोध घटाऔं, आमा र शिशुलाई स्तनपानबाट बञ्चित नगरौं ।



काम ८ घण्टा होला तर २४ सै घण्टा उनी आमा हुन् ।
काममा फर्किनु पर्ने कारणले गर्दा स्तनपानलाई निरन्तरता दिन र नियमित बनाउन स्तनपान गराउने आमाहरूले ठूलै चुनौती व्यहोर्दै आउनु परेको छ ।

कार्यस्थलमा स्तनपानका लागि सहज वातावरण बनाइदिनु सम्बन्धित सबैको जिम्मेवारी हो ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

सिद्धार्थ माध्यमिक विद्यालय
हेटौंडा-२, मकवानपुर
BIG SCHOOL



Hurry Up!
PROGRAMMES
Class 11
Science
Law Education
Management
CTEVT
3 Yrs Diploma in Forestry

Contact at: 057-520700, 9845302800,
9845058715, 9845072247, 9845028839, 9855070647

सङ्क्रमणकालीन न्याय कार्यान्वयनका लागि निगरानी आवश्यक : इन्सेक

○ सहीखबर संवाददाता

मकवानपुर । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक संघीय संसदबाट पारित भएकोमा १८ वर्ष अघिदेखि अवरुद्ध नेपालको सङ्क्रमणकालीन न्यायमा आशा पलाएको जनाइएको छ ।

बुधबार १९ भदौ मा विज्ञप्ति प्रकाशन गरी उक्त विधेयक ३० साउन २०८१ मा प्रतिनिधि सभा र ६ भदौ २०८१ मा राष्ट्रिय सभाबाट पारित १३ भदौमा र ाष्ट्रपतिबाट प्रमाणिकरण भएसँगै १८ वर्ष अघिदेखि अवरुद्ध नेपालको सङ्क्रमणकालीन न्यायको विषयमा आशा पलाएको इन्सेकले जनाइएको छ ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालद्वारा हस्ताक्षरित विज्ञप्तिमा विगत १८ वर्षदेखि सत्तासीन र प्रतिपक्षको गृहकार्यको अभावमा अलमली र हेको सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयक पारित भएसँगै सङ्क्रमणकालीन न्याय सफल कार्यान्वयका लागि निरन्तर निगरानी आवश्यक भएको उल्लेख छ ।


न्यायिक प्रकृयाको लामो चरण पार गर्न अझै केही महत्वपूर्ण कार्य सम्पादन गर्न बाँकी रहेको भन्दै विज्ञप्तिमा विधेयक राजनीतिक दलहरूबिच सर्वस्वीकार्य बनाउन भएको समझदारीको पीडक व्यक्ति वा समूहले प्रकृयाको फाइदा नलिओस् भन्नका लागि सरोकार र निगरानीको निरन्तरताको खाँचो औँल्याइएको हो । विज्ञप्तिमा आयोगको गठन वा आयुक्तहरूको चयन, कार्यविधि र सरकारबाट अपेक्षित आर्थिक-प्रशासनिक सहयोगजस्ता विषयहरूमा अबका दिनमा हामी सूक्ष्म तरिकाले अध्ययन र सरोकार रहिरहने जनाइएको छ ।

साथै विज्ञप्तिमा सङ्क्रमणकालीन न्याय निरूपणका सन्दर्भमा सत्य निरूपण आयोगमा रहेका ६३ हजार र बेपत्ता आयोगमा रहेका ३ हजार उजुरीको निरूपण गर्न सर्वस्वीकार्य मानव अधिकार, राष्ट्रिय कानुन, अन्तर ाष्ट्रिय कानुनका विज्ञ व्यक्तिहरू आवश्यक हुनेहुँदा पदाधिकारीको छनौट द्वन्द्वकालको कहाली र पीडा बारेमा चिन्तन गरेका व्यक्तित्वको प्रतिनिधित्व आवश्यक रहेको उल्लेख छ ।

विज्ञप्तिमा विगतमा आयोगका पदाधिकारीहरू राजनीतिक दलका निकटताका आधारमा मात्र सिफारिस गरिएको, विषयका बारेमा कम जानकार भएका तथा पदीय जिम्मेवारी बहन गर्न नसक्दा आजसम्म सङ्क्रमणकालीन न्याय प्रकृया लम्बिने एउटा उल्लेखनीय कारण आयोगका सदस्य चयनमा देखिएको समस्यालाई समेत औँल्याइएको छ ।

बेपत्ता पारिएका व्यक्तिका परिवारजनले बेपत्ता पारिएका व्यक्तिको अवस्थाबारे जान्न पाउने अधिकार र हत्या गरिएका व्यक्तिका परिवार वा अङ्गभङ्ग भएका, यौनहिंसामा परेका, विस्थापित बनाइएका मानिसहरूले 'आफूमाथि किन अपराध भयो' ? भन्ने जानकारी पाउने अधिकार पनि पीडितलाई भएको विज्ञप्तिमा उल्लेख गरिएकरो छ ।

'मुकाम रणमैदान' लाई मदन पुरस्कार



मकवानपुर । वरिष्ठ पत्रकार तथा लेखक मोहन मैनालीको कृति 'मुकाम रणमैदान'ले ०८० सालको मदन पुरस्कार प्राप्त गरेको छ।

मदन पुरस्कार गुठीले ०८० सालको मदन पुरस्कार 'मुकाम रणमैदान'लाई प्रदान गर्ने निर्णय गरेको हो। बैठकले प्राध्यापक डाक्टर योगेन्द्रप्रसाद यादवलाई जगदम्बा श्री पुरस्कार दिने निर्णय पनि गरेको छ । यादव भाषाशास्त्री हुन्। उनले लामो समय त्रिभुवन विश्वविद्यालयमा भाषा विज्ञानमा प्राध्यापन गरेका थिए।

मदन पुरस्कार विजेता 'मुकाम रणमैदान' नेपाल-अंग्रेज युद्धसँग सम्बन्धित छ । अंग्रेजसँगको युद्धका क्रममा नेपालले प्रदर्शन गरेको वीरतालाई उनले किताबमा लिपिबद्ध गरेका छन् । मुकाम रणमैदान स्वदेशी वा विदेशी इतिहासकार, अनुसन्धाता, लेखक कसैले पनि नलेखेको, नदेखेको वा लेख्न नसकेको विषयमा लेखक मैनालीको खोज, अनुसन्धान र लेखनको किताब हो।

मदन पुरस्कार गुणीले मदन पुरस्कार २०७७ का लागि विभिन्न पाँचवटा पुस्तक छनोट गरेको थियो । मुकाम रणमैदानसहित भक्त स्याङतानको 'डम्फुको आत्मालाप', जीवन क्षेत्रीको 'नुन-तेल', भावेश भुमरी र प्रणीता चामलिङको 'भावलिपि' र रोशन थापा 'नीरव'को 'सन्त्रासका साठी दिन' मदन पुरस्कारका लागि अन्तिम सूचीमा छानिएका थिए।

मैनालीका उपल्लो थलो (सन् २०२०), नदेखेको देश (सन् २०१८), मान्ठ डराएको जुग (सन् २०१५), आकाशमुखी (अनुवाद) पुस्तक प्रकाशित छन्। लेखनसँगै मैनालीले वृत्तचित्र निर्माणमा पनि विशिष्ट छवि बनाएका छन् । उनले निर्माण गरेको 'जोगीमाराका ज्युँदाहरू' नामक वृत्तचित्र निकै चर्चित भएको थियो।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं,वातावरण स्वच्छ र हराभरा राखौ ।
पानीको मुहान/स्रोत संरक्षण गरौं ।
● सहीखबर साप्ताहिक

भिमफेदी गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

भिमफेदी गाउँपालिका
गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

☞ सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
☞ सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
☞ विश्वसनीय स्रोतबाट प्राप्त जानकारी मात्र विश्वास गरौं
☞ सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
☞ सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
☞ सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड